जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९,
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५




वर्ष ३२ | अंक ६९ | २०७९ साल असोज २३ गते आइतबार (9 Oct 2022 Sunday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालले अमेरिकासँग गर्दैछ ३ पृष्ठमा : वीरगञ्ज नाकाबाट इन्धन ... ३ पृष्ठमा : पाकिस्तानलाई सहयोग गर्न संयुक्त.

# नेकपा एमाले र जसपाबीच चुनावी तालमेल सप्तरीमा एमालेले लगायो उम्मेदवारको टुङ्गो, जसपा अझै अन्यौलमा



**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि नेकपा एमाले र जसपाले चुनावी तालमेलको सहमति गरेको छ ।

दुबै पार्टीको चुनावी तालमेलको सहमति अनुसार एमालेले ३५ र जसपाले १७ सिटमा प्रतिनिधिसभा निर्वाचनमा तालमेल भएको छ । यस्तै, प्रदेशसभातर्फ भने एमालेले ७० र जसपाले ४२ सिट पाउने छन् ।

जसपाका अध्यक्ष उपेन्द्र यादवले सप्तरी क्षेत्र नं. २ बाट उम्मेदवारी दिने भएका छन् । यसअघिको निर्वाचनमा उनी यही क्षेत्रबाट निर्वाचित भएका थिए । यस्तै जसपाले सप्तरी क्षेत्र नं. ३ को ख बाट विदेश्वर यादवलाई प्रदेशसभाको उम्मेदवार बनाएको छ ।

यता नेकपा एमालेले क्षेत्र नं. १ को क बाट प्रदेशसभामा राजकुमार लेखी, क्षेत्र नं. ३ बाट प्रतिनिधिसभा सदस्यमा ताराकान्त चौधरी तथा ३ कै क बाट प्रदेशसभामा जोगेन्द्र भगत, ४ को क बाट प्रदेशसभामा बालकृष्ण चौधरीलाई उम्मेदवार बनाएको छ ।

यस्तै दुबै पार्टीबीच भएको चुनावी तालमेल अन्तरगत सप्तरी क्षेत्र नं. १ को क, क्षेत्र नं. ३ र ३ को क, क्षेत्र नं ४ को क मा नेकपा एमालेको भाग परेको छ भने क्षेत्र नं. १ र १ को ख, क्षेत्र नं. २ को क र ख, क्षेत्र नं. ३ को ख, क्षेत्र नं. ४ र ४ को ख जसपाको भागमा परेको छ । यद्दपी यी प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि शनिबार साँझसम्म पनि जसपाले उम्मेदवारको टुङ्गो लगाउन सकेको छैन् ।

असोज २३ गते आइतबार निर्वाचनका लागि उम्मेदवारले मनोनयन दर्ता गराउदै छन् ।

# कात्तिक १७ देखी मात्र उम्मेदवारले प्रचार प्रसार गर्न पाउने : मुख्य निर्वाचन अधिकृत



**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

सप्तरीका मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन स्वच्छ, निष्पक्ष सम्पन्न गराउन सबैको सहयोग आवश्यक रहेको बताएका छन् ।

शनिवार राजबिराजस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयद्वारा संचारकर्मीहरूसँग आयोजित अन्तरक्रिया कार्यक्रममा सो कुरा बताएका हुन् ।

उनले सप्तरीको चुनाव सफल बनाउन संचारकर्मिहरूको भुमिका ठुलो रहेकोले तथ्यमा आधारित समाचार सम्प्रेसन गरी चुनाव सम्पन्न गराउन भुमिका निर्वाहका लागि आग्रह समेत गरे ।

निर्वाचन आयोगको तालिकाका अनुसार असोज २३ गते उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने कार्यक्रम रहेकोले संचारकर्मिहरूलाई सहजै सुचना, समाचार संकलन गर्न वातावरण मिलाएको उनले बताए ।

उनले उम्मेदवारको मनोनयन दर्ता कार्यक्रम सम्पन्नपछि मंसिर २६ गते निर्वाचन चिन्ह उपलब्ध गराउने कार्य रहेको जानकारी दिए ।

चुनाव हुने मिति मंसिर ४ गते भन्दा १७ दिन अघिदेखी मात्र उम्मेदवारहरुले प्रचारप्रसार गर्न सक्ने उनले स्पष्ट समेत पारे । त्यसअघि कात्तिक १६ गतेसम्म उम्मेदवारले कुनै प्रकारको चुनावी गतिविधी गर्न नपाउने भन्दै उनले त्यसो गरेको पाइएमा चुनाव आचारसहिंता विपरित उम्मेदवारलाई कारवाही गर्न सकिने जानकारी समेत दिए ।

मंसिर ४ गते प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनमा संचारकर्मिहरूलाई आ-आफ्नो मिडियाको प्रेस कार्ड झुन्डाएर मतदान स्थलमा सुचना संकलन गर्न आग्रह गरेका छन भने मतगणना हुने मतपरिणामको ताजा अपडेट अनलाईन मार्फत गरिने ब्यबस्थापन मिलाएको बताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, प्रदेश २ निर्वाचन कार्यालय सहायक मतदान अधिकृत कुमार मास्के, सप्तरी प्रहरी प्रमुख अभिनारायण काफ्ले, जिल्ला निर्वाचन अधिकारी रमेश जोशी लगायत संचारकर्मिहरूको उपस्थिति रहेको थियो ।

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**
**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**हार्दिक मंगलमय शुभकामना**



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**

## सम्पादकीय

### निर्वाचन मर्यादित, निष्पक्ष र धाँधलीरहित बनाउन सबैको भूमिका आवश्यक

आउँदो मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन अन्तरगत आज उम्मेदवारले मनोनय दर्ता गराउँदै छन् । यस निर्वाचनका लागि मुलुकमा मुख्यत काँग्रेस, नेकपा माओवादी, नेकपा एस, लोसपा र जनमोर्चा तथा नेकपा एमाले, जसपा, राप्रपाबीच दुई वटा गठबन्धन बनेका छन् । गठबन्धनको निर्माणसँग सँगै दुबै गठबन्धनमा उम्मेदवार तय गर्न निकै सकस भइरहेको छ । दुबै गठबन्धनबाट उम्मेदवार बन्न नपाएका आकांक्षीहरु अहिले अर्को विकल्प खोज्दै स्वतन्त्रबाट उम्मेदवारी दिने तयारी समेत गरिरहेका छन् । हुन त गठबन्धन बनेपछि सबै पार्टीका नेता कार्यकर्ताहरुलाई उम्मेदवार बनाउन सकिदैन् । तर योग्य नेता कार्यकर्ताहरुलाई स्थान दिन काखापाखा गर्नु हुँदैन् ।

अहिलेको राजनीतिक परिवेशमा एक्लै पार्टीले निर्वाचन लड्न नसक्ने अवस्था देखेपछि बाध्य भई गठबन्धन बनाउनु परेको देखिन्छ । नेपाली राजनीतिको बित्तमा यस पटकको चुनावले गठबन्धन बनाएर चुनावमा होमिने सन्देश दिएको छ । जतिसुकै पनि पार्टीको धरातल बलिया भएपनि सबै क्षेत्रमा एकल पार्टी बलियो नभएको सन्देश समेत दिएको छ । यता पार्टीले उम्मेदवार बनाउन नसके खण्डमा पार्टी नै परित्याग गर्ने परिपाटी समेत यो चुनावले चर्लङ्ग पारेको छ ।

जेहोस् निर्वाचनको मिति तय र उम्मेदवारको टुङ्गो लागेसँगै अहिले मुलुक निर्वाचनमय बनेको छ । तसर्थ आउँदो निर्वाचनलाई मर्यादित, निष्पक्ष र धाँधलीरहित बनाउन सबै दलहरुको अहम भूमिका रहनुका साथै जनताले समेत उत्तिकै भूमिका निर्वाह गर्नु पर्ने आवश्यकता रहेको छ ।

# नेपालले अमेरिकासँग गर्दैछ द्विपक्षीय हवाई सम्झौता

काठमाडौँ, २२ असोज (रासस) ।

नेपालले अन्तर्राष्ट्रिय हवाई सञ्जाल विस्तार गर्ने क्रममा संयुक्त राज्य अमेरिकासँग द्विपक्षीय हवाई सम्झौता गर्ने तयारी गरेको छ । विश्वका ४० मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गरेको नेपालले अमेरिका, स्विट्जरल्यान्ड, इन्डोनेसिया, रुवान्डालगायत मुलुकसँग हवाई सम्झौताको तयारी गरेको हो ।

अमेरिकालगायत विभिन्न मुलुकसँग द्विपक्षीय हवाई सेवा सम्झौताका लागि आवश्यक प्रक्रिया अघि बढाइएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नागरिक उड्डयन महाशाखा प्रमुख एवम् सहसचिव बुद्धिसागर लामिछानेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अमेरिकाले हवाई सम्झौताका लागि चासो देखाएको छ । त्यस मुलुकसँग छिट्टै हवाई सम्झौता गर्ने तयारीमा छौँ ।"

नेपालले हाल ४० देश र युरोपेली सङ्घ (इयु) गरी ४१ मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गरेको छ । तीमध्ये २० गन्तव्यमा अन्तर्राष्ट्रिय उडान भइरहेको छ । सरकारले पछिल्लो पटक अष्ट्रेलियासँग द्विपक्षीय हवाई सेवा सम्झौता गरेको थियो ।

अमेरिकासँगको हवाई सम्झौतापछि अमेरिकाको युनाइटेड एयरलाइन्स, अमेरिकन एयरलाइन्स, नेपालका तर्फबाट राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्सले उडान गर्न सक्ने जनाइएको छ । हाल नेपालमा टर्किस एयरलाइन्स, कतार एयरवेज, सिङ्गापुर एयरलाइन्स, थाई एयरलगायत अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले विभिन्न ट्रान्जिट हुँदै नेपाल-अमेरिका उडान सेवा दिँदै आएका छन् ।

**स्विट्जरल्यान्डसँग सम्झौता**

नेपाल र स्विट्जरल्यान्डबीच द्विपक्षीय हवाई सम्झौताको अन्तिम तयारी भएको छ । क्यानाडाको मन्ट्रियलमा हालै भएको अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को ४१औँ त्रैवार्षिक महासभाका अवसरमा दुई देशबीच प्रारम्भिक हवाई सम्झौताको सैद्धान्तिक सहमति भएको हो । नेपाल र स्विट्जरल्यान्डबीच एयर कनेक्टिभिटीका लागि एमओयु भएको र अरू धेरै मुलुकसँग एमओयु गर्ने पाइपलाइनमा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले बताउनुभयो ।

दुई मुलुकबीच हवाई सम्झौता गर्ने सहमति भएको र छिट्टै औपचारिक सम्झौता हुने पर्यटन मन्त्रालयका सहसचिव लामिछानेले जानकारी दिनुभयो । "नेपालले स्विट्जरल्याण्डसँग हवाई सेवा सम्झौता गर्ने छलफल भई करिब अन्तिम चरणमा पुगेको छ । नेपालसँग हवाई सम्झौता गर्ने स्विट्जरल्यान्डको रुचि थियो । हामी (नेपाल)ले प्रक्रिया पुऱ्याएर सम्झौता गरौँ भन्ने सहमत भयौँ । भेटको उपलक्षमा 'रेकर्ड अफ डिस्कसन' भएको छ । दुवै मुलुकले आन्तरिक तयारी गरेर छिट्टै यसलाई पूर्णता दिन्छौँ ।"

सहसचिव लामिछानेले नेपालको नीति नै अन्य मुलुकसँग हवाई सम्झौता गर्दै जाने रहेको भन्दै कुनै मुलुकले चासो जनाएमा सम्झौता गरेर जाने बताउनुभयो । दुवै देशका नागरिक उड्डयन मन्त्रालयबीच हवाई सम्झौता हुन्छ । "औपचारिक सम्झौताका लागि 'टेक्स्ट्' आदान-प्रदान हुन्छ । हामीले पठाइसकेका छौँ उता ( स्विट्जरल्यान्ड) बाट पनि टेक्स्ट आएपछि सम्झौता प्रक्रिया टुङ्गिन्छ", सहसचिव लामिछानेले भन्नुभयो ।

**इन्डोनेसियासँगको सम्झौता अन्तिम चरणमा**

नेपालले मध्यपूर्वी एसियाली मुलुक इन्डोनेसियासँग पनि छिट्टै हवाई सेवा सम्झौता गर्नेगरी तयारी गरेको छ । दुई मुलुकबीच हवाई सम्झौताको अन्तिम तयारी भइरहेको पर्यटन मन्त्रालयले जनाएको छ । इन्डोनेसिया-नेपाल दुईतर्फी उडानका लागि मन्त्रालयले आधिकारिक जिएसए तोकिसकेको छ । इन्डोनेसियाको गरुडा एयरका लागि नेपालको सोसाइटी इन्टरनेशनल आधिकारिक सिएसए रहेको छ ।

**के छ हवाई सम्झौताको महत्व ?**

नेपालले अन्य मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गर्दा अन्तर्राष्ट्रिय सम्पर्क सञ्जाल विस्तारका साथै दुई देशबीचको कूटनीतिक सम्बन्धलाई बलियो बनाउन मद्दत पुग्ने सहसचिव लामिछानेले बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालले कुन-कुन मुलुकसँग हवाई सम्झौता गरेको छ भन्ने विषयको अन्तर्राष्ट्रिय महत्व हुन्छ । कतिपय मुलुकले सिधा उडान गर्न सक्छन् । सम्बन्धित मुलुकमा 'कोर्ड सेयरिङ'का एयरलाइन्समार्फत पनि सहज हवाई उडान हुने भएकाले हवाई सम्झौता हुनु भनेको राम्रो कुरा हो ।"

**नेपाल इयुको सुरक्षासूचीबाट हट्छ**

नेपालले सबै हिसाबले प्रगति गरेकाले यो पटक इयुको सुरक्षासूची 'एयर सेफ्टी लिस्ट' बाट हट्ने विश्वास लिइएको छ । "अहिले हाम्रो (नेपालको) सबै हिसाबले 'स्टाटस' राम्रो छ त्यसैले अहिले नेपाल आएको इयुको अडिट टोलीले पनि नेपालको हालको स्थितिलाई हेरेर आएको जस्तो लाग्छ । यो पटक नेपाल सेफ्टी लिस्टबाट हट्छ ", सहसचिव लामिछानेले भन्नुभयो ।

नेपालको हवाई उड्डयन सुरक्षामा जोखिम बढेको भन्दै आइकाओले डिसेम्बर २०१३ मा नेपाली वायुसेवालाई गम्भीर सुरक्षा चासोको सूचीमा राखेको थियो । यसअघि आइकाओले गरेको पछिल्लो अडिटमा नेपाली आकास सुरक्षित देखिएको छ । आइकाओको सेफ्टी अडिटमा नेपालले ७०.१ प्रतिशत अङ्क पाएको थियो । आइकाओको टोलीले १३ अप्रिलदेखि २५ अप्रिलसम्म विस्तृत अध्ययन तथा मूल्याङ्कन गरी नेपाली उड्डयन क्षेत्रको सुरक्षा स्कोर बढेको रिपोर्ट प्राधिकरणलाई बुझाएको थियो । इयुअन्तर्गतको युरोपेली आयोगले सन् २०१३ देखि नेपालको हवाई क्षेत्रमाथि गम्भीर सुरक्षा चासो देखाउँदै सुरक्षा सूचीमा राखेको थियो ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

**डेंगुबाट बचौं**
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा बान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

शम्भुनाथ नगरपालिका
कठौना, सप्तरी

# वीरगञ्ज नाकाबाट इन्धन आयातमा कमी

पर्सा, २२ असोज (रासस)। देशकै प्रमुख व्यापारीक नाका वीरगञ्जबाट इन्धनको आयातमा कमी आएको छ। वीरगञ्ज नाका प्रयोग गरी डिजेल, पेट्रोल, मट्टितेल, हवाई इन्धन र खाना पकाउने ग्यास आयातमा १७ प्रतिशतले कमी आएको पाइएको छ।

गत आर्थिक वर्षको साउन र भदौमा वीरगञ्ज नाकाबाट रु २० अर्ब चार करोड ४३ लाख मूल्यको दुई लाख २७ हजार पाँच सय ३६ किलोलिटर इन्धन आयात भएको थियो। चालु आवको सोही अवधिमा रु नौ अर्ब २० करोड ७३ लाखको एक लाख ९० हजार नौ किलोलिटर इन्धन आयात भएको वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिनुभयो। गत आवको तुलनामा चालु आवको साउन र भदौमा अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढेकाले आयातमा कमी आएको उहाँले बताउनुभयो। खरिद मूल्यमा भने ४५.९३ प्रतिशतले वृद्धि भएको उहाँको भनाइ छ।

गत आवको पहिलो दुई महिनामा वीरगञ्ज नाकाबाट रु १० अर्ब १३ करोड मूल्यको एक लाख ४८ हजार चार सय ६० किलोलिटर डिजेल, रु चार अर्ब ६३ करोड मूल्यको ६२ हजार सात सय ३२ किलोलिटर पेट्रोल, रु एक अर्ब ९८ लाख मूल्यको १५ हजार तीन सय ६४ किलोलिटर हवाई इन्धन, रु सात करोड ७४ लाख मूल्यको नौ सय ८० किलोलिटर मट्टितेल र रु चार अर्ब १९ करोड मूल्यको ४३ हजार छ सय २४ मेट्रिकटन खाना पकाउने ग्यास आयात भएको छ।

चालु आवको सोही अवधिमा रु १३ अर्ब ९५ करोड मूल्यको एक लाख सात हजार चार सय ६ किलोलिटर डिजेल, रु सात अर्ब ५३ लाख मूल्यको ६२ हजार सात सय ६० किलोलिटर पेट्रोल, रु दुई अर्ब ४२ करोड मूल्यको १८ हजार नौ सय ८० किलोलिटर हवाई इन्धन, रु १२ करोड १५ लाख मूल्यको आठ सय ८० किलोलिटर मट्टितेल र रु पाँच अर्ब ७४ मूल्यको ४२ हजार पाँच सय ६२ मेट्रिकटन खाना पकाउने ग्यास आयात भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।

वीरगञ्ज नाकाबाट इन्धनको आयात घटे पनि त्यसबाट सङ्कलित हुने राजश्व भने दुई प्रतिशतले बढेको छ। गत आवको पहिलो दुई महिनामा रु नौ अर्ब ६६ करोड ९६ लाख राजश्व सङ्कलन भएको थियो। चालु आवको सोही अवधिमा रु १६ करोड ७२ लाख बढी अर्थात् रु नौ अर्ब ८३ करोड ६९ लाख राजश्व सङ्कलन भएको छ।

# उम्मेदवार नबन्ने सभामुख सापकोटाको घोषणा

काठमाडौँ, २२ असोज (रासस)। सभामुख अग्निप्रसाद सापकोटाले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार नबन्ने घोषणा गर्नुभएको छ।

सिंहदरबारस्थित आफ्नै कार्यकक्षमा आयोजित पत्रकार भेटघाटमा उहाँले राजनीतिक दलभित्र उम्मेदवारको टिकटका लागि तीव्र प्रतिस्पर्धा भएका बेलामा आफूले युवा पुस्तालाई अवसर प्रदान गरी नेतृत्वमा पुर्‍याउन सहयोग गर्ने हेतुले यस पटक उम्मेदवारी नदिने निर्णय गरेको बताउनुभयो।

सभामुख सापकोटाले भन्नुभयो, "आगामी निर्वाचनमा मेरो जीत सुनिश्चित नै थियो, युवालाई नेतृत्वमा ल्याउन ब्रह्मले देखेर यो त्यागको निर्णय गरेको हुँ। हार्छु भनेर नउठ्ने घोषणा गरेको होइन। देश र जनताको हितका लागि अधिकतम समर्पित रहनेछु। अन्तिम घडीसम्म राजनीतिमै सक्रिय रहनेछु।"

निरन्तर १५ वर्षसम्म जनप्रतिनिधिको भूमिकामा पुर्‍याउने मतदाता र जनताप्रति आभार व्यक्त गर्दै उहाँले आगामी दिनमा पनि जनताको समस्या र मुलुकको विकासका लागि सक्रियताका साथ काम गर्ने विश्वास दिलाउनुभयो। सभामुख सापकोटाले भन्नुभयो, "मेरो यो निर्णय निरन्तरतामा क्रम भङ्गता हो, आशा छ मेरो यो कदमले राजनीतिक रुपान्तरणका लागि नयाँ रक्त सञ्चार गर्नेछ।"

सिन्धुपाल्चोकबाट २०६४, २०७० र २०७४ सालमा लगातार संसद् सदस्यमा निर्वाचित सभामुख सापकोटासँग यसअघि सूचना तथा सञ्चार र वन तथा भू-संरक्षणमन्त्रीको जिम्मेवारी सम्हालेको अनुभव छ। विसं २०७६ माघ १२ गते उहाँ सर्वसम्मतरूपमा सभामुखमा निर्वाचित हुनुभएको थियो।

संसदीय भूमिकामा नरहे पनि देश, जनता र अग्रगमनको पक्षमा निरन्तर क्रियाशील भइरहने उल्लेख गर्दै सो अवसरमा उहाँले अग्रगामी राजनीतिक अभियानमार्फत आम नेपाली नागरिकको समुन्नतिका लागि बुद्धि र विवेकले भ्याएसम्म काम गर्ने अठोट व्यक्त गर्नुभयो।

सभामुख सापकोटाले भन्नुभयो, "राज्य र जनताले आवश्यक ठानेमा जुनसुकै जिम्मेवारी वहन गर्न तयार छु। राजनीतिक एवं सामाजिक मञ्चमार्फत सबै नेपालीको स्वाभिमान र आत्मविश्वास उचो बनाउन मेरो सक्रियतामा कुनै कमी आउन दिने छैन। मानव जातिको उन्नतिका लागि परिश्रम गर्नु मेरो जीवनको आदर्श हो।"

# एकीकृत समाजवादीद्वारा उम्मेदवारको नाम टुङ्गो

काठमाडौँ, २२ असोज (रासस)। नेकपा (एकीकृत समाजवादी)ले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा प्रतिनिधिसभाका लागि प्रत्यक्षतर्फका उम्मेदवारको नाम टुङ्गो लगाएको छ।

गठबन्धनका तर्फबाट एक सय ६५ निर्वाचन क्षेत्रमध्ये १९ सिट प्राप्त गरेको सो पार्टीले सबै उम्मेदवारको नाम टुङ्गो लगाएको महासचिव डा वेदुराम भुसालले जानकारी दिनुभयो। पार्टी अध्यक्ष माधवकुमार नेपाल रौतहट क्षेत्र नं १ बाट र नेता झलनाथ खनाल इलाम क्षेत्र नं १ बाट उम्मेदवार बन्नुभएको छ। उपाध्यक्ष तथा बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डे धादिङ क्षेत्र नं १, बास पार्टी उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडा उदयपुर क्षेत्र नं २ र किसान श्रेष्ठ बारा क्षेत्र नं ४ बाट उम्मेदवारका रूपमा सिफारिस हुनुभएको छ।

त्यसैगरी जीवनराम श्रेष्ठ काठमाडौँ क्षेत्र नं ८, कृष्णलाल महर्जन ललितपुर क्षेत्र नं २, विरोध खतिवडा मकवानपुर क्षेत्र नं २, श्रीनाथ बराल कास्की क्षेत्र नं २, रामकुमारी झाँक्री गुल्मी क्षेत्र नं २, सोमप्रसाद पाण्डे पाल्पा क्षेत्र नं २, राजु गुरुङ रुपन्देही क्षेत्र नं २, मेटमणि चौधरी दाङ क्षेत्र नं १, प्रकाश ज्वाला सल्यान, धनबहादुर बुढा डोल्पा, अम्बर थापा दैलेख क्षेत्र नं १, भानुभक्त जोशी बझाङ र प्रेमबहादुर आलेले डोटीबाट उम्मेदवारी दिनुहुने भएको छ।

प्रदेशसभा सदस्यका उम्मेदवारको छनोटका लागि गृहकार्य गरिरहेको सो पार्टीले जनाएको छ। पार्टीले दुवै सभाका समानुपातिक उम्मेदवारको नाम भने निर्वाचन आयोगमा बुझाइसकेको छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेंट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**

# विश्व समाचार

## पाकिस्तानलाई सहयोग गर्न संयुक्त राष्ट्रसंघीय महासचिवको आग्रह

संयुक्त राष्ट्रसङ्घ, २२ असोज (रासस/सिन्ह्वा)। संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसले पाकिस्तानलाई सहयोग गर्न आग्रह गर्नुभएको छ। पाकिस्तानमा हालैको वर्षा र बाढीबाट ठूलो जनधनको क्षति भएकाले पाकिस्तानका लागि सहयोग उपलब्ध गराउन संयुक्त राष्ट्रसङ्घीय महासचिव गुटरेसले विश्व समुदायलाई आग्रह गर्नुभएको हो।

उहाँले पाकिस्तानको सहयोगका लागि आवश्यक पर्नेगरी एक दाता सम्मेलनको तयारीमा संयुक्त राष्ट्रसङ्घ लागेको बताउनुभयो। उहाँले भारी वर्षा र बाढीका कारण पाकिस्तानमा पुगेको क्षतिको मापन गरिएको, पाकिस्तानमा पुनःनिर्माण र यहाँका पीडितको पुनःस्थापनाका लागि दाताको एक सम्मेलनको आयोजना गरिने जानकारी पनि दिनुभएको हो।

उहाँले शुक्रबार संयुक्त राष्ट्रसङ्घीय महासभालाई सम्बोधन गर्ने क्रममा सो कुरा बताउनुभएको हो। पाकिस्तानको सहयोगका लागि उहाँले संयुक्त राष्ट्रसङ्घीय महासभामा एक प्रस्ताव पनि प्रस्तुत गर्नुभएको बताइएको थियो।

सो प्रस्तावलाई महासभाले पारित गरेको छ। सो प्रस्तावमा विश्वका विभिन्न देश तथा दातालाई पाकिस्तानको सहयोगका लागि अपिल गरिएको छ। यस वर्षको मनसुनले पाकिस्तानमा ठूलो क्षति पुर्‍याएको छ। यहाँ सो मनसुनी वर्षाले एक हजार सात सय जनाभन्दा बढीको ज्यान गएको छ भने अरु हजारौँ व्यक्ति घाइते भएका छन्।

## इरानले रुसलाई हतियार पठाएको छैन : विदेशमन्त्री

तेहरान, २२ असोज (रासस/सिन्ह्वा)। इरानले रुसलाई हतियार नपठाएको स्पष्ट गरेको छ। इरानका विदेशमन्त्रीले सो कुरा बताउनुभएको हो। रुस र युक्रेनको द्वन्द्वको सङ्कटका बेलामा इरानले रुसलाई हतियार सहयोग गरेको सूचना आएको थियो। सो सूचनाको खण्डन गर्दै इरानले रुसलाई हतियार नपठाएको इरानले स्पष्ट गरेको हो।

इरानका विदेशमन्त्री अमिर अब्दुल्लाहिनले उहाँका फिनिस समकक्षीसँगको फोन वार्ताका क्रममा सो कुराको जानकारी गराउनुभएको हो। अब्दुल्लाहले आफ्ना फिनिस समकक्षी पेका हाभिस्तोसँग रुस युक्रेन युद्धका क्रममा इरानले रुसलाई हतियार दिएको छैन र आगामी दिनमा पनि इरानले रुसलाई हतियार पठाउने कुनै पनि योजना छैन भन्नुभएको इरानी विदेश मन्त्रालयले जनाएको छ।

युक्रेनले यसअघि पनि रुसलाई इरानले हतियार पठाएको बताउँदै आएको थियो। हालैमात्र पनि युक्रेनका विदेशमन्त्रीले इरानको यो व्यवहार युक्रेनसँगको सत्रुतापूर्ण व्यवहार रहेको बताउनुभएको थियो। यस वर्षको सुरुआतदेखि रुसले युक्रेनमाथि हमला गर्दै आएको छ। सो हमलाको पश्चिमा देशले कडा विरोध गरेका छन्। अमेरिका, बेलायत, फ्रान्स लगायतका देशले रुसको सो कार्यको विरोध गरेका हुन्।

## बाढीमा चौबीसको मृत्यु

लागोस, २२ असोज (रासस/सिन्ह्वा)।

नाइजेरियाको उत्तरी राज्य कातिस्नामा आएको बाढीमा परेर कम्तीमा पनि २४ जनाको ज्यान गएको छ। साथै सो बाढीका कारण अरु कम्तीमा पनि १८ हजार जना विस्थापित भएका छन्।

विस्थापितलाई विद्यालयलगायतका विभिन्न अस्थायी शिविरमा राखिएको यहाँको सरकारले जनाएको छ। यस वर्षको मनसुनी वर्षाका कारण उनीहरु विस्थापित भएका हुन्। नाइजेरियाको विपद् व्यवस्थापन केन्द्रले शुक्रबार दिएको जानकारीअनुसार यहाँको उक्त राज्यका १६ हजार छ सय २५ ओटा घरमा सो बाढीले क्षति पुर्‍याएको थियो।

यस वर्षको मनसुनी वर्षाका कारण यहाँका कम्तीमा पनि ३४ जिल्लामा क्षति पुर्‍याएको सो केन्द्रले जनाएको छ। अहिले पनि मनसुनी वर्षा जारी नै रहेकाले सतर्कता अपनाउन यहाँका विपद् व्यवस्थापन अधिकारीहरुले सूचित गरेका छन्।

## दक्षिण यमनमा सरकार समर्थक सेना र हुथी विद्रोहीबीचको भिडन्तमा दशको मृत्यु

एडेन, २२ असोज (रासस/सिन्ह्वा)।

सरकार समर्थक यमनी सेना र हुथी विद्रोहीबीच शुक्रबार विहान दक्षिणी प्रान्त लाहजमा भएको झडपमा दुबै पक्षबाट दशको मृत्यु भएको एक सैनिक अधिकारीले सिन्ह्वालाई बताएका छन्।

हुथी विद्रोही समूहले लाहजमा सरकार समर्थक सेनाद्वारा नियन्त्रित क्षेत्रमा आक्रमण गर्न आफ्ना धेरै लडाकू पठाएका थिए। यस क्षेत्रमा धेरै घन्टासम्म झडप भएको स्थानीय सैन्य स्रोतले नाम नछाप्ने सर्तमा भनेका समाचारमा जनाइएको छ।

सरकारी सेनाले छ जना हुथी आक्रमणकारीलाई मारेको र आफ्ना चार सैनिकलाई गुमाएका उनले थप जानकारी दिएका थिए। जमिनमा सैन्य प्रगति गर्न असफल भएपछि, हुथी अब विद्रोही-नियन्त्रित प्रान्त अल-बायदा नजिकैको याफेया क्षेत्र वरपरका मुख्य साइटबाट पछि हट्न बाध्य भएका स्रोतले जानकारी दिएका छन्।

# राजदेबी राईजिंगद्वारा मैत्रीपुर्ण क्रिकेटको आयोजना गरी मित्रमिलन मनायो



**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

वडादशैंको अवसरमा प्रत्येक बर्ष झैं यस बर्ष पनि राजदेबी राईजिँग क्रिकेट क्लबले १२ औं बर्ष देखि निरन्तर मैत्रीपुर्ण खेलको आयोजना गरी मनाउँदै आएको छ ।

शनिवार राजबिराज वडा २ स्थित सप्तरीको पुरानो उत्कृष्ट क्लबहरू मध्ये राजदेबी राईजिंग कल्बले बि.स २०६७ सालदेखि निरन्तर क्लवसँग आबध पुरानो खेलाडीहरू बिच मैत्रीपुर्ण क्रिकेट खेलको आयोजना गर्दै आएको छ ।

क्लवका साथीहरू बिच प्रत्येक बर्ष बडादशैको अवसरमा पुरानो क्रिकेट खेलाडीहरू बिच मित्रमिलनसँगै एक अर्कासँग शुभकामना आदानप्रदानका लागि कार्यक्रम गर्दै आएको राजदेबी राईजिंग क्रिकेट क्लवका सचिव आयुष श्रेष्ठले बताएका छन् ।

राजबिराजको राजदेबी माबि खेलमैदानमा राजदेबी (ब्लु) टिम राजदेबी (एलो) टिम बिच भएको मैत्रीपुर्ण खेलमा टिम एलोले ब्लुलाई ७ रनले पराजित गरेको छ ।

टस जितेर टिम ब्लुले निर्धारित १५ ओभरको खेलमा सबै बिकेट गुमाई ५९ रनको योगफल खडा गरेका थिए । जवाफमा टिम एलोले १५ ओभरमा ९ बिकेट गुमाई ५२ रन मात्र बनाएपछि एलो टिमको जित हात पारेको हो ।

मैत्रीपुर्ण खेलमा राजदेबी एलो टिम तर्फ आयुष श्रेष्ठ, चन्दनकुमार यादव, अरूण यादव ( राबिनपा २ वडा अध्यक्ष) बैजु देव, गोबिन्द यादव, मुकेश झा, खेलानन्द यादव, पंकज झा, राजेन्द्र साह रहेका थिए ।

त्यस्तै राजदेबी राईजिंग क्रिकेट क्लव (ब्लु) टिममा जगरनाथ साह, कमानन्द यादव, राजेश झा, श्यामु राय, बिनोद रजक, सन्दिप देव, शिवकान्त देव, नितियानन्द यादव, देवेश चौधरी रहेका छन ।

उक्त अवसरमा राजदेबी टिमका पुरानो खेलाडीहरू बिच वडादशै, शुभदिपावली र छठ पर्वको शुभकामना आदानप्रदान गरी १२ बर्ष देखि साथीहरू बिच मित्रमिलान कार्यक्रम गरी मनाईएको क्लवका अध्यक्ष चन्दनकुमार यादबले जानकारी दिए ।

# धनुषालाई प्रथम राष्ट्रिय अध्यक्ष भलिवल कपको उपाधी



**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकामा संचालित प्रथम राष्ट्रिय खुल्ला अध्यक्ष भलिवल कप प्रतियोगिताको उपाधी धनुषाले जितेको छ ।

शनिबार सम्पन्न अन्तिम प्रतिष्पर्धामा धनुषाले मोरङलाई पराजित गर्दै उपाधी जितेको हो ।

जितसँगै धनुषाले एक लाख नगदसहित ट्रफि प्राप्त गरेको छ । उपविजेतामा सीमित मोरङले ५० हजार नगदसहित ट्रफी प्राप्त गऱ्यो ।

बेस्ट अफ फइभ खेलमध्ये सुरुका दुई/दुई खेल दुबै टिमले जिते पनि पाचौं र अन्तिम संघर्षपूर्ण खेलमा धनुषाले जित निकाल्दै उपाधी जितेको हो ।

प्रतियोगिता समाप्तिपछि छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीको अध्यक्षतामा आयोजित समापन समारोहमा प्रमुख अतिथि नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, छिन्नमस्ता भगवती मन्दिरका पीठाधीश महाकान्त ठाकुर लगायतले बिजेता/उपबिजेता टिमलाई पुरस्कार प्रदान गरे ।

# मधेस प्रदेशमा आज सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

मधेस प्रदेशमा आज सार्वजनिक बिदा हुने भएको छ । मधेस प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालयले शनिबार एक सूचना जारी गर्दै इस्लाम धर्मका प्रवर्तक पैगम्बर हजरत मोहम्मदको जन्मदिनका अवसरमा मधेस प्रदेशमा सार्वजनिक बिदाको निर्णय गरिएको जनाएको छ ।

मधेस प्रदेशको प्रदेश राजपत्रमा २०७८ साल चैत १८ गते प्रकाशित सार्वजनिक बिदासम्बन्धी सूचनाअनुसार पछि यकिन हुने गरी पैगम्बर मोहम्मदको जन्मदिनमा सार्वजनिक बिदा दिने व्यवस्था रहेको हुँदा मन्त्रालयको मन्त्रीस्तरको निर्णयानुसार असोज २३ गते मधेस प्रदेशभर सार्वजनिक बिदा हुने सूचना गृह तथा सञ्चार मन्त्रालयका सूचना अधिकारी नाजो राम भगतले जनाएको छ ।

इस्लाम धर्मका प्रवर्तक पैगम्बर हजरत मोहम्मदको जन्मदिनका अवसरमा शुभकामनासमेत व्यक्त गरिएको छ ।

# निर्वाचनका दिन सार्वजनिक यातायात सञ्चालन हुने

**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका दिन सार्वजनिक यातायात सञ्चालन हुने भएको छन् ।

निर्वाचन आयोगले शनिबार पत्रकार सम्मेलन आयोजना गर्दै अघिल्ला निर्वाचनमा जस्तो अनुमति लिएका सवारीसाधन मात्रै सञ्चालन गर्ने व्यवस्था यसपटक नरहेको जानकारी दिएको हो ।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियाले सामान्य दिनमा जस्तैगरी सावारी सधान सञ्चानल नभए पनि यातायात व्यवसायी महासंघ, गृह मन्त्रालयसँगको समन्वयमा यातायातका साधानलाई सञ्चालन अनुमति दिइनेछ । अघिल्ला निर्वाचनमा सवारीसाधन सञ्चालनमा बन्देज हुँदा विभिन्न समास्या आएकाले आयोगले यस्तो निर्णय गरेको हो ।

सवारीसाधन सञ्चालन अनुमति पत्र लिनल भीड लाग्ने र विभिन्न दलहरूले वृद्धवृद्धालाई मतदानस्थलसम्म ल्याउन अप्ठयारो भयो भन्ने गुनासो आएपछि नियन्त्रित रुपमा सवारीसाधान खुला गरिएको हो ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम, ठेगाना र आधिकारिकता सुनिश्चित गरौं।
- अनधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौं।
- विज्ञापन प्राप्त गर्न अनुचित दवाव र प्रभाव नपारौं।
- निर्धारित समय र स्थानमै विज्ञापन प्रकाशन तथा प्रसारण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*